फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:-०८३/८४ मिति:- २०८३-०६-२८
चलानी नम्बर:- ने.सं.:- ११४६ कौलाथ्व ४, बुधबार

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरको सूचना ।

आसन्न दशैं, तिहार, छठ, नेपाल सम्वत् लगायतका चाडपर्वहरू आ-आफ्नो धर्म, संस्कृति, परम्परा, संस्कार, मूल्य, मान्यता एवं आस्था अनुरूप सभ्य तवरले मनाउनु हुन एवं समाजमा विविध समुदायको अस्तित्वलाई आत्मसात् गर्दै चाडपर्व मनाउने क्रममा आपसी सामाजिक, धार्मिक तथा सांस्कृतिक सद्भाव कायम गर्नु, गराउनु हुन, उच्छृङ्खल एवं भड्किलो गतिविधि, ठूलो ध्वनी प्रदूषण हुने गरी एवं आमनागरिकको अमनचयनमा खलल पुग्ने गरी कुनै पनि गतिविधि नगर्न, नगराउनु हुन समेत जिल्लावासीहरूमा अनुरोध गर्दछौं । आसन्न चाडपर्वहरू शान्तिपूर्ण वातावरणमा मनाउने सुनिश्चतता गर्न जिल्लाको समग्र शान्ति सुव्यवस्था थप प्रभावकारी तुल्याइएको छ । चाडपर्वको मौका छोपी विभिन्न आपराधिक व्यक्ति तथा समूहबाट हुनसक्ने चोरी, डकैती लगायतका घटनाहरू घट्न नदिन आमजनसमुदाय उच्च सचेत एवं सतर्क रहनु हुन र शान्ति सुरक्षामा कुनै पनि प्रकारको प्रतिकूल प्रभाव पार्ने गतिविधि भएको, भइरहेको वा हुनसक्ने देखिएमा तत्काल नजिकको सुरक्षा निकाय वा तपसिलको सम्पर्क नम्बरमा जानकारी गराउनु भई जिल्लाको शान्ति सुव्यवस्थामा सघाउ पुऱ्याउनु हुन समेत यसै सूचना मार्फत हार्दिक अनुरोध गर्दछौं।

**तपसिल:-**

- **नेपाल प्रहरी:-** १००
- **जिल्ला प्रशासन कार्यालय:-** ९७४४६३७७७७ (WhatsApp मेसेज मात्र)
- **प्रहरी उपरीक्षक:-** ९८५५०४५५५५
- **प्रमुख जिल्ला अधिकारी:-** ९८५५०२७७७७

२०८३।६।२८
**शेषकान्त पौडेल**
स. प्रमुख जिल्ला अधिकारी